मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक २६५ ● २०८३ साल भाद्र १५ गते सोमबार ● Monday 31, August 2026 ● सूर्योदयः बिहान ०५:४२ बजे ● सूर्यास्तः साँझ ०६:२५ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## बाढीमा बेपत्ता भएका पर्साका दुई जना परिवारको सम्पर्कमा

**पर्सा।**
रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएका ३९ जनामध्ये दुई जना सम्पर्कमा आएका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार सम्पर्कविहीनमध्ये आइतबार बिहानसम्ममा पोखरीया नगरपालिका–५ का ओजिर अन्सारी र वीरगंज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ सम्पर्कमा आएका छन्।
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी पर्सा जिल्लाका सर्फराज मिया, साहबुदिन मन्सुरी, सर्ताज मिया, समीम मिया, राहुल मिया, उमेशप्रसाद, वीरकिशोर कुमार, रामकरण कुमार, विनयकुमार साह र सञ्जय साह सोनारलगायत ३९ जना बेपत्ता भएका छन्।
हालसम्म भोटेकोशी नदी आएको बाढीपछि हराइरहेका मधेश प्रदेशका १७१ जनामध्ये आइतबारसम्म २२ जना परिवारको सम्पर्कमा आएका छन् । मधेश प्रदेशका विभिन्न जिल्लाबाट आफन्त सम्पर्कविहीन भएका सूचना आउने थालेपछि प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाको विवरण सङ्कलन गर्दै आएको छ।

# एकदशकमै १४ हजार नागरिकको विपद्बाट मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
भौगोलिक बनावट, जलवायु परिवर्तन र प्राकृतिक अवस्थाका कारण नेपाल विश्वकै उच्च विपद् जोखिम भएका मुलुकमध्ये पर्छ । भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औँ तथा बाढी–पहिरोको जोखिमका आधारमा १६औँ स्थानमा रहेको विभिन्न अध्ययनले देखाएका छन् । नेपालको इतिहासमा भूकम्प, बाढी, पहिरो, आगलागी र अन्य प्राकृतिक विपद्ले हजारौँ नागरिकको ज्यान लिनुका साथै अर्बौं रुपैयाँ बराबरको धनसम्पत्तिमा क्षति पु¥याएका छन्।
नेपालमा अभिलेखमा रहेको प्रारम्भिक ठूलो भूकम्प १२८० सालमा गएको उल्लेख पाइन्छ । त्यसपछि १८९० सालको भूकम्पले काठमाडौं उपत्यकाका धैरै ऐतिहासिक संरचनामा क्षति पु¥याएको थियो । तर नेपालको इतिहासमा सबैभन्दा घातक भूकम्पका रूपमा १९९० माघ २ गतेको ८.४ म्याग्निच्युडको महाभूकम्पलाई लिइन्छ । उक्त भूकम्पमा ८ हजार ५१९ जनाको मृत्यु भएको थियो।
२०७२ वैशाख १२ गते गएको ७.८ म्याग्निच्युडको गोरखा भूकम्पले नेपालमा ठूलो जनधनको क्षति पु¥यायो । उक्त भूकम्प र त्यसपछिका पराकम्पमा परी ९ हजार ५३ जनाको मृत्यु तथा २२ हजारभन्दा बढी व्यक्ति घाइते भएका थिए। धरहरासहित विश्व सम्पदा सूचीमा रहेका कैयौँ ऐतिहासिक संरचना ध्वस्त भएका थिए।
त्यसपछि पनि नेपालमा भूकम्पको जोखिम कम भएको छैन।
२०७९ मा डोटीमा गएको ६.६ म्याग्निच्युडको भूकम्पमा ६ जनाको मृत्यु भएको थियो भने २०८० कात्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भएको ६.४ म्याग्निच्युडको भूकम्पमा जाजरकोट र रुकुम पश्चिममा गरी १५४ जनाले ज्यान गुमाएका थिए।

- **बाढी–पहिरोले पनि ठूलो क्षति**

नेपालमा प्रत्येक वर्ष मनसुनसँगै बाढी र पहिरोले ठूलो जनधनको क्षति पु¥याउँदै आएको छ । २०५० सालमा कुलेखानी क्षेत्रमा आएको बाढीपहिरोमा १ हजार ३३६ जनाको मृत्यु भएको थियो । २०६५ सालमा सप्तकोशीको तटबन्ध भत्किँदा सुनसरीका बस्ती डुबानमा परेका थिए भने हजारौँ परिवार विस्थापित भएका थिए।
२०७१ सालमा सिन्धुपाल्चोकको जुरेमा गएको ठूलो पहिरोले सुनकोशी नदी थुन्दा कृत्रिम ताल बनेको थियो। उक्त घटनामा १५६ जनाको ज्यान गएको थियो।
२०७४ सालको तराई बाढी र डुबानले ३५ जिल्ला प्रभावित भएका थिए। त्यसैगरी, २०७८ असारमा मेलम्ची र इन्द्रावती नदीमा आएको भीषण बाढीले मेलम्ची बजार, सडक, पुल तथा खानेपानी आयोजनामा गम्भीर क्षति पु¥याएको थियो।
हालै २०८३ भदौ १० गते नेपाल–चीन तिब्बत सीमा क्षेत्रमा हिमपहिरो र चट्टान खसेपछि उत्पन्न आकस्मिक बाढीले पनि ठूलो मानवीय तथा भौतिक क्षति पु¥याएको छ । घटनामा हालसम्म ७ सयभन्दा बढीको मृत्यु भएको पुष्टि भएको छ भने सयौँ नागरिक अझै बेपत्ता रहेको विवरण सार्वजनिक भइरहेको छ।

- **१० वर्षमा ४२ हजारभन्दा बढी विपद्का घटना**

गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकअनुसार २०७२ वैशाख १ गतेदेखि २०८१ चैत मसान्तसम्म देशभर ४२ हजार ८७२ वटा साना–ठूला विपद्का घटना भएका छन्।
ती घटनामा परी १४ हजार ४२ जनाको मृत्यु भएको छ भने ६१० जना अझै बेपत्ता छन् । यस अवधिमा ३६ हजार ९९१ जना घाइते भएका छन्।
विपद्का कारण ८ लाख २४ हजार ६८१ घर पूर्ण रूपमा ध्वस्त भएका छन् भने ३ लाख ७९ हजार ३०५ घरमा आंशिक क्षति पुगेको तथ्यांकमा उल्लेख छ।

- **पहिरो र बाढीको ठूलो मानवीय क्षति**

पछिल्लो एक दशकमा देशभर ३ हजार ९०० वटा पहिरोका घटना भएका छन् । पहिरोमा परी १ हजार ५०८ जनाको मृत्यु, २२१ जना बेपत्ता तथा १ हजार ३०४ जना घाइते भएका छन्।
यसै अवधिमा १ हजार ७५२ वटा बाढीका घटना दर्ता भएका छन् । बाढीमा परी १ हजार ५८२ जनाको मृत्यु भएको छ भने २३६ जना बेपत्ता भएका छन् । हजारौँ घर तथा परिवार बाढीबाट प्रभावित भएका छन्।
विपद्का घटनामध्ये आगलागीको संख्या सबैभन्दा बढी रहेको छ । एक दशकमा २५ हजार ७१९ वटा आगलागीका घटना हुँदा ८३५ जनाको मृत्यु र २ हजार ४४३ जना घाइते भएका छन् । आगलागीबाट २३ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको तथ्यांकले देखाउँछ।
२०७५ चैतमा बारा र पर्सामा आएको विनाशकारी टोर्नेडोमा २७ जनाको मृत्यु र ६ सयभन्दा बढी व्यक्ति घाइते भएका थिए। २०७७ मा सिन्धुपाल्चोकको लिदीमा गएको पहिरोमा ३७ जनाले ज्यान गुमाएका थिए।
२०८१ असारमा चितवनको सिमलतालमा पहिरोले दुईवटा बस त्रिशूली नदीमा खसाल्दा ५१ जना यात्रु बेपत्ता तथा मृत्युको शिकार बनेका थिए।
त्यसै वर्ष सोलुखुम्बुको थामे क्षेत्रमा हिमताल विस्फोटनपछि आएको बाढीले बस्ती, विद्यालय तथा अन्य संरचनामा ठूलो क्षति पु¥याएको थियो।
२०८१ असोजमा लगातारको भारी वर्षापछि आएको बाढी र पहिरोमा देशभर २४९ जनाको मृत्यु भएको थियो । उक्त विपद्बाट सडक, पुल, जलविद्युत्, कृषि तथा निजी आवास क्षेत्रमा ४६ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको थियो।
नेपालको विगत हेर्दा प्राकृतिक विपद् आकस्मिक घटना मात्र नभई निरन्तर दोहोरिरहने गम्भीर चुनौतीका रूपमा देखिएको छ । बढ्दो जलवायु परिवर्तन, अव्यवस्थित बस्ती विकास र कमजोर पूर्वतयारीका कारण जोखिम थप बढिरहेको सरोकारवालाहरू बताउँछन्।
त्यसैले विपद्पछि उद्धार र राहतमा मात्र केन्द्रित नभई जोखिम न्यूनीकरण, पूर्वसूचना प्रणाली, सुरक्षित पूर्वाधार निर्माण र प्रभावकारी तयारीमा राज्यले दीर्घकालीन लगानी गर्नुपर्ने आवश्यकता झन् बढ्दै गएको छ।

# छिनछिनमा विद्युत् अवरुद्ध हुँदा जनकपुरधामवासी हैरान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका क्षेत्रमा पछिल्लो समय विद्युत् आपूर्ति अत्यन्तै अनियमित बन्दै गएपछि सर्वसाधारणको दैनिक जनजीवन प्रभावित भएको छ । एक घण्टाकै अवधिमा पटक–पटक विद्युत् जाने र आउने समस्याले घरायसी काम, व्यापार–व्यवसाय तथा विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष असर परेको स्थानीयवासीले बताएका छन्।
स्थानीयका अनुसार दिनभरि विद्युत् २० देखि २५ पटकसम्म अवरुद्ध हुने गरेको छ । केही समय लाइन आएलगत्तै फेरि काटिने र पुनः आउने क्रम दोहोरिँदा विद्युतीय उपकरणमा समेत क्षति पुग्ने जोखिम बढेको उनीहरूको गुनासो छ।
देशका विभिन्न क्षेत्रमा वर्षा र बाढीको प्रभाव देखिए पनि जनकपुरधाममा गर्मीको समस्या कायमै छ। यस्तो अवस्थामा विद्युत् नहुँदा पङ्खा र कुलर सञ्चालन गर्न नसक्दा घरभित्र बस्नसमेत कठिन हुने गरेको स्थानीय बताउँछन्।
अनियमित विद्युत् आपूर्तिले धान तथा गहुँ पिस्ने मिल, तोरी पेल्ने उद्योग, डेरी, होटल तथा विभिन्न विद्युतीय उपकरणमा आधारित साना व्यवसायमा समेत असर पारेको छ।
जनकपुरधामको बजरङ्ग चोकमा मोबाइल मर्मत केन्द्र सञ्चालन गर्दै आएका सन्तोष साहका अनुसार छिनछिनमा हुने विद्युत् अवरोधले कामको व्यवस्थापन नै अस्तव्यस्त बनेको छ।
'यदि लामो समयका लागि लाइन काटिने हो भने त्यसअनुसार काम मिलाउन सकिन्छ । तर, केही–केही मिनेटमै बत्ती जाने र आउने हुँदा काम गर्न झन् समस्या हुन्छ,' उनले भने।
मोबाइल मर्मतका क्रममा अचानक विद्युत् जाँदा काम अधुरो रहने तथा कतिपय अवस्थामा पुनः सुरुदेखि काम गर्नुपर्ने अवस्था आउने उनले बताए । ग्राहकलाई तोकिएको समयमा सामान उपलब्ध गराउने प्रतिबद्धता गरे पनि विद्युत् समस्याका कारण काम ढिलो हुँदा आलोचना समेत सहनुपरेको उनको भनाइ छ।
विद्युत् अनियमितताको असर विद्यालय जाने बालबालिकामा समेत परेको अभिभावकहरूले बताएका छन् । चर्को गर्मीका बेला विद्यालयमा विद्युत् नहुँदा पंखा बन्द हुने र कक्षाकोठामा बस्न कठिन हुने गरेको उनीहरूको भनाइ छ।
शिशु प्रज्ञा सदनमा कक्षा ३ मा अध्ययनरत शिवांस कर्णका पिता संजीव कर्णले अत्यधिक गर्मी र विद्यालयमा पटक–पटक विद्युत् जाने समस्याका कारण छोरा विद्यालय जानसमेत आनाकानी गर्न थालेको बताए।
उनले भने, 'बत्ती गएको बेला कक्षाकोठामा बस्नै नसकिने गरी गर्मी हुन्छ। पङ्खा नचल्दा बच्चाहरूलाई निकै कठिन हुन्छ, त्यसैले स्कुल जान पनि आनाकानी गर्ने गरेको छ।'
डेरी व्यवसाय पनि विद्युत् अनियमितताबाट बढी प्रभावित भएको क्षेत्रमध्ये एक बनेको छ । जनकपुरधाम–१० मा डेरी सञ्चालन गर्दै आएका राजीव यादवले दूध तथा दुग्धजन्य सामग्री सुरक्षित राख्न निरन्तर विद्युत् आवश्यक पर्ने बताए।
उनका अनुसार फ्रिज सञ्चालन नहुँदा दूध, दही, पनिर, मिठाईलगायतका सामग्री बिग्रिने र फाल्नुपर्ने अवस्था आउने गरेको छ।
'छोटो समय लाइन जाँदा खासै समस्या हुँदैन, तर घण्टौँसम्म विद्युत् नआउँदा ठूलो आर्थिक नोक्सानी हुन्छ,' उनले भने।
लामो समय विद्युत् आपूर्ति बन्द हुने अवस्था आएमा सम्बन्धित निकायले पूर्वसूचना दिनुपर्ने यादवको माग छ । पूर्वजानकारी भए व्यवसायीले वैकल्पिक व्यवस्था गरी क्षति कम गर्न सक्ने उनको भनाइ छ।
स्थानीयवासीका अनुसार विद्युत् समस्याको मार आर्थिक रूपमा कमजोर तथा मध्यम वर्गीय परिवारले बढी खेपिरहेका छन् । आर्थिक रूपमा सक्षम परिवारले इन्भर्टर, ब्याट्री तथा अन्य वैकल्पिक ऊर्जा स्रोतको व्यवस्था गर्न सके पनि सामान्य परिवार विद्युत्मै निर्भर छन्।
जनकपुरधाम–९ पिडारी चोकमा होटल सञ्चालन गर्दै आएकी विणा मगरले विशेषगरी रातको समयमा विद्युत् नहुँदा साना बालबालिकालाई निकै समस्या हुने बताइन्।
'गर्मीमा पंखा नचल्दा बच्चाहरू रातभरि सुत्न सक्दैनन् । हाम्रो समस्या कसले बुझ्ने ?' उनले प्रश्न गरिन् । विद्युत् आपूर्तिको समस्या समाधानका लागि सम्बन्धित निकायले पर्याप्त चासो नदिएको उनको गुनासो छ।
विद्युत् आउने–जाने समस्या बढ्दै गएपछि स्थानीयवासीले सामाजिक सञ्जालमार्फत पनि असन्तुष्टि व्यक्त गर्न थालेका छन् । केही दिनअघि सामाजिक अभियन्ता सरोज मिश्रले कम भोल्टेजका कारण निकै कमजोर गतिमा चलेको पंखाको तस्बिर सार्वजनिक गर्दै विद्युत् आपूर्तिको अवस्थाप्रति व्यङ्ग्य गरेका थिए।
विद्युत् कहिले जाने भन्ने निश्चित नहुने र आएको समयमा समेत पर्याप्त भोल्टेज नहुँदा विद्युतीय उपकरण सञ्चालनमा समस्या भइरहेको स्थानीयको भनाइ छ।
पछिल्लो समय केही युवाले डिजिटल पोस्टर र ब्यानर बनाएर सामाजिक सञ्जालमा विद्युत् आपूर्ति नियमित बनाउन दबाबमूलक अभियानसमेत सञ्चालन गर्न थालेका छन्।
जनकपुरधाम मात्र नभई मधेश प्रदेशका विभिन्न जिल्लामा पनि पछिल्ला महिनादेखि विद्युत् आपूर्ति अनियमित भएको गुनासो बढिरहेको छ । यसको प्रभाव उद्योग, व्यापार तथा व्यवसायसँगै सर्वसाधारणको दैनिक जीवनमा परेको छ।
ई–रिक्सा चालक, साना तथा ठूला व्यवसायी, विद्यार्थी, गृहिणीलगायत विभिन्न पेशा र वर्गका नागरिक विद्युत् समस्याबाट प्रभावित बनेका छन् । गर्मीको समयमा लामो समयसम्म विद्युत् नहुँदा जनजीवन थप कष्टकर बन्ने गरेको स्थानीयको अनुभव छ।
स्थानीयवासीले विद्युत् आपूर्ति नियमित बनाउन र पटक–पटक हुने प्राविधिक समस्या समाधानका लागि नेपाल विद्युत् प्राधिकरण तथा सम्बन्धित निकायले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गरेका छन्।
उनीहरूले विद्युत् कटौती गर्नुपर्ने अवस्था आएमा पूर्वसूचना दिन, स्पष्ट तालिका सार्वजनिक गर्न तथा छिनछिनमा हुने ट्रिपिङ र कम भोल्टेजको समस्या समाधान गर्न आग्रह गरेका छन्।
दैनिक जीवनदेखि व्यापार–व्यवसायसम्म प्रत्यक्ष असर पु¥याइरहेको विद्युत् आपूर्तिको समस्या समाधानका लागि अब सम्बन्धित निकायले ठोस र दीर्घकालीन पहल गर्नुपर्ने स्थानीयवासीको माग छ।




# वैकल्पिक मार्गबाट पेट्रोलियम पदार्थ आपूर्ति गरिने

**वीरगंज।**
त्रिशूली नदीमा आएको बाढीका कारण धादिङको बेनीघाट रोराङ गाउँपालिका–७ अन्तर्गत पृथ्वी राजमार्गको कृष्णभीर सडकखण्डमा कटान भई आवागमन अवरुद्ध भएपछि नेपाल आयल निगमले काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा एलपी ग्यास आपूर्तिका लागि वैकल्पिक व्यवस्था मिलाएको छ।



सडक अवरुद्ध हुँदा ग्यास ढुवानीमा असुविधा हुन सक्ने भएकाले एलपी ग्यास उद्योगीहरूसँग छलफल गरी वैकल्पिक आपूर्ति व्यवस्था गरिएको निगमद्वारा आइतबार जारी विज्ञप्तिमा जनाइएको छ।
त्यसअनुसार बारा, पर्सा, चितवन, मकवानपुर, नवलपरासी तथा अन्य जिल्लामा रहेका ग्यास उद्योगहरूले आफूलाई पायक पर्ने अन्य ग्यास उद्योगसँग समन्वय गरी आफ्ना खाली बुलेट खुलाइ सिलिन्डर रिफिल गर्ने व्यवस्था मिलाउने छन् । कृष्णभीरको बाटो नखुलेसम्म ट्रकमा एलपी ग्यासका सिलिन्डर राखी वैकल्पिक मार्गबाट काठमाडौँ उपत्यका तथा आसपासका जिल्लामा आपूर्ति गरी बिक्री वितरण गर्ने व्यवस्था गरिएको निगमले जनाएको छ।
त्यसैगरी पेट्रोलियम पदार्थ तथा एलपी ग्यासको आपूर्तिका लागि ट्याङ्कर तथा ट्रकलाई स्थानीय प्रशासनसँगको समन्वयमा वैकल्पिक मार्गबाट काठमाडौँसम्म ल्याई आपूर्ति सहज बनाउने व्यवस्था गरिएको निगमले जनाएको छ । निगमले बाढी तथा सडक अवरोधका कारण पेट्रोलियम पदार्थ र एलपी ग्यासको आपूर्तिमा समस्या नहोस् भन्ने उद्देश्यले वैकल्पिक मार्गबाट आपूर्ति व्यवस्थालाई निरन्तरता दिने जनाएको छ।

## सम्पादकीय

# भोटेकोशी बाढीमा हराइरहेकाहरूको सूची र युद्धको भन्दा बढी क्षति

भोटेकोशी बाढीले नेपाललाई फेरि एउटा कठोर प्रश्नको सामुन्ने उभ्याएको छ–विपद् आएपछि हामी खोजी र उद्धार गर्छौं कि विपद् आउनुअघि नै नागरिकको जीवन जोगाउने तयारी गर्छौं ? रसुवा, नुवाकोट, धादिङ, चितवन, गोरखा, तनहुँ र नवलपरासी पूर्वसम्म फैलिएको विनाशले एउटा नदीको उर्लाइ मात्र देखाएको छैन; यसले कमजोर पूर्वाधार, जोखिमपूर्ण बस्ती, अव्यवस्थित विकास र राज्यको पूर्वसूचना प्रणालीमा रहेका गम्भीर कमजोरी पनि उजागर गरेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको उद्धृत विवरणअनुसार ७ सय ८८ शव फेला परेका र २ हजार ५ सय २ जना सम्पर्कविहीन रहेको तथ्य आफैंमा राष्ट्रिय शोकको घोषणा हो।

हराइरहेकाहरूको सूची केवल प्रशासनिक कागज होइन, प्रत्येक नाम पछाडि एउटा परिवारको प्रतीक्षा, एउटा घरको आशा र एउटा समुदायको अधुरो कथा जोडिएको छ। त्यसैले सरकारले स्थानीय प्रशासन, प्रहरी, अस्पताल र परिवारबाट प्राप्त सूचनालाई एउटै, नियमित अद्यावधिक हुने सार्वजनिक अभिलेखमा राख्नुपर्छ । नेपाल प्रहरीले भेटिएका शवको नाम, पहिचान, स्थान र समयसहितको विवरण सार्वजनिक पोर्टल मा राख्न थालेको छ; तर बेपत्ता व्यक्तिहरूको नामावली पनि त्यही स्तरको विश्वसनीयता, गोपनीयता र पहुँचसहित सार्वजनिक गरिनुपर्छ । परिवारले सामाजिक सञ्जालका अपुष्ट सूचीमा होइन, प्रहरी र जिल्ला प्रशासनका प्रमाणित सूचनामा भरोसा गर्न सक्ने अवस्था बनाउनु राज्यको पहिलो दायित्व हो।

'युद्धको भन्दा बढी क्षति' भन्ने तुलना भावनात्मक रूपमा शक्तिशाली सुनिए पनि विपद्को पीडा नाप्ने सबैभन्दा उपयुक्त मापदण्ड होइन। युद्ध र बाढीका कारण, राजनीतिक सन्दर्भ र मानवीय परिणाम फरक हुन्छन्; तर यति अवश्य हो–यति ठूलो जनधनको क्षतिलाई सामान्य प्राकृतिक दुर्घटना भनेर पन्छाउन मिल्दैन । ७ सय ८८ शव, हजारौँ उद्धार गरिएका नागरिक, सयौँ घाइते र अझै सम्पर्कविहीन मानिसको संख्या परिवर्तनशील भए पनि क्षतिको गहिराइ घट्दैन। मृतकको संख्या गन्नेभन्दा महत्त्वपूर्ण कुरा प्रत्येक जीवनको मूल्य स्वीकार्नु र राज्यको लापरवाही, पूर्वतयारीको अभाव वा जोखिमपूर्ण निर्णयको जिम्मेवारी निर्धारण गर्नु हो।

अब राहत वितरणमा देखिने क्षणिक सक्रियताभन्दा दीर्घकालीन पुनर्निर्माण र जवाफदेहिता आवश्यक छ। नदी किनारका बस्ती, जलविद्युत् आयोजनाका सुरुङ, सडक, पुल र व्यापारिक केन्द्रहरूको जोखिम पुनर्मूल्यांकन गर्नुपर्छ; जलमापन केन्द्र र साइरन प्रणालीलाई स्थानीय समुदायसँग जोड्नुपर्छ; उद्धार सामग्री, हेलिकोप्टर, स्वास्थ्य टोली र मनोसामाजिक परामर्शलाई स्थायी क्षमताका रूपमा विकास गर्नुपर्छ। हराइरहेकाहरूको खोजी रोकिँदासम्म सरकारको प्राथमिकता बदलिनु हुँदैन र भेटिएका शवको डीएनए अभिलेख तथा सम्मानजनक व्यवस्थापनमार्फत परिवारलाई पहिचान र न्यायको अधिकार सुनिश्चित गर्नुपर्छ।

भोटेकोशीले बगाएको कुरा केवल घर, पुल र सडक होइन—उसले हाम्रो आत्मसन्तुष्टि पनि बगाएको छ। अब दोष मौसम, हिमनदी वा नदीलाई मात्र दिएर उम्कने समय छैन; जलवायु परिवर्तनको जोखिम, अवैज्ञानिक भू–उपयोग र कमजोर शासनबीचको सम्बन्धलाई स्वीकारेर नयाँ विपद् नीति बनाउनुपर्छ । हराइरहेकाहरूको सूची सार्वजनिक, खोजी पारदर्शी, राहत निष्पक्ष र पुनर्निर्माण सुरक्षित नभएसम्म यो त्रासदी समाप्त भएको मान्न सकिँदैन। युद्धसँग तुलना गरेर होइन, प्रत्येक नागरिकको जीवनलाई युद्धकालीन गम्भीरतासहित जोगाएर मात्र राज्यले भोटेकोशीका पीडितप्रति आफ्नो ऋण तिर्न सक्छ।

# बाढी प्रभावित क्षेत्रको पुन:स्थापनाका लागि जलवायु वित्त माग

**प्रगति ढकाल/रासस**

जलवायु विज्ञ, अनुसन्धानकर्ता तथा प्रभावित समुदायले भोटेकोशी बाढी प्रभावित नागरिकको पुनःस्थापना र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणका लागि तत्काल पर्याप्त अनुदानमा आधारित जलवायु वित्त उपलब्ध गराउन अन्तरराष्ट्रिय समुदायसँग माग गरेका छन् । नेपालले जलवायु परिवर्तनमा नगण्य योगदान गरे पनि यसको असरको अग्रपङ्क्तिमा रहेको उल्लेख गर्दै विपद्पछिको पुनर्निर्माणका लागि नयाँ ऋण थप्नु अन्यायपूर्ण हुने उनीहरूको भनाइ छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयको जलवायु व्यवस्थापन महाशाखाका प्रमुख डा. महेश्वर ढकालले नेपालको विद्यमान पूर्वसूचना प्रणाली मात्र पर्याप्त नहुने र जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्न विश्वसनीय, प्रमाणमा आधारित र निर्णय गर्न सकिने स्तरको तथ्याङ्क तथा प्रमाण आवश्यक हुने बताए।

'तापक्रम बढ्दा हिउँ पग्लिएर ताल बन्यो र भोटेकोशी बाढी आएको हो। भोटेकोशी बाढी जलवायुजन्य क्षति तथा नोक्सानीका आधारमा अन्तरराष्ट्रिय क्षतिपूर्ति दाबी गर्ने बलियो आधार बनेको छ,' उनले भने, 'नेपालले त्यस्तो प्रमाण प्रणाली विकास गरिरहेको भए पनि अझै पर्याप्त तथ्याङ्कीय आधार निर्माण हुन बाँकी रहेको छ।'

विशेषगरी क्षति तथा हानि सम्बोधन कोषबाट सहयोग प्राप्त गर्न नेपालले विपद्को प्रभाव, आर्थिक तथा गैर–आर्थिक क्षति, जलवायु परिवर्तनसँगको सम्बन्ध र आवश्यकताको स्पष्ट प्रमाण प्रस्तुत गर्नुपर्ने उनले बताए । त्यसका लागि पूर्वसूचना प्रणालीसँगै हानि तथा नोक्सानीको व्यवस्थित अभिलेखीकरण र वैज्ञानिक मूल्याङ्कन आवश्यक हुने डा. ढकालको भनाइ छ।

नेपालले विभिन्न अन्तरराष्ट्रिय फोरममा जलवायु वित्त, अनुकूलन, जलवायुजन्य हानि तथा नोक्सानी, प्रविधि हस्तान्तरण र क्षमता विकासलगायत विषयमा आवाज उठाउँदै आएको डा. ढकालको भनाइ छ । उनले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए भोटेकोशी बाढीजस्ता उच्च जोखिम रहेकाले जलवायु न्यायको विषयलाई अन्तरराष्ट्रिय कूटनीतिमा प्रभावकारी रूपमा उठाइने बताए।

'हिमाल, हिमनदी, हिमाली पारिस्थितिक प्रणाली तथा जलसुरक्षासँग जोडिएका नेपालको विशिष्ट अवस्थालाई अन्तरराष्ट्रिय मञ्चमा प्रस्तुत गर्दै जलवायु कूटनीतिलाई थप प्रभावकारी बनाउने प्रयास गरिरहेका छौँ,' ढकालले भने, 'नेपालले जलवायु न्यायको स्पष्ट धारणा, हिमाली मुलुकका रूपमा रहेको विशिष्ट पहिचान, अन्तरराष्ट्रिय विश्वसनीयता तथा विभिन्न मुलुक र क्षेत्रीय समूहसँग सहकार्य गर्ने क्षमता रहेकाले हिमाली मुद्दामा हामी 'लिड' गर्न सक्छौँ।'

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अनुसार हालका घटनामा बाढीले गिटी, बालुवा, माटो र ठूला ढुङ्गा बोकेको देखिन्छ र जसले पानी मात्र भएको बाढीको तुलनामा धेरै क्षति पुर्याउँछ। तापमान वृद्धिका कारण हिमनदीजन्य घटनामा वृद्धि भएको इसिमोडले जनाएको छ।

इसिमोडका अनुसार छोटो अवधिमा उच्च तापमान वृद्धिका कारण बरफ खसाल्ने, हिमतालको प्राकृतिक बाँध भत्कने, उच्च हिमाली क्षेत्रमा चट्टान खस्ने, जमिन भासिने घटना निम्त्याउँछ । जलवायु क्षेत्रमा काम गर्ने विज्ञहरूले आइतबार यस सम्बन्धमा संयुक्त रूपमा वक्तव्यसमेत जारी गरेको छन्। जलवायुजन्य हानी तथा नोक्सानी कोष, हरित जलवायु कोष र अनुकूलन कोषमार्फत ऋणरहित अनुदान तत्काल उपलब्ध गराउन उनहरूको माग छ।

तोकिएका राष्ट्रिय निकायमार्फत त्यस्तो वित्त आपतकालीन उद्धार, राहत, सुरक्षित पुनर्वास तथा जलवायु–सहनशील पुनर्निर्माणमा प्रत्यक्ष परिचालन गर्नुपर्नेमा जोड दिइएको छ । भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि ठूलो रकम आवश्यकपर्ने प्रारम्भिक अनुमान गरिरहेका बेला जलवायु विज्ञहरूको यस्तो माग गरेका हुन्।

अर्थमन्त्री स्वर्णिम वाग्लेले पुनर्निर्माणका लागि चारदेखि पाँच अर्ब अमेरिकी डलरसम्म आवश्यक पर्नसक्ने प्रारम्भिक अनुमान सार्वजनिक गरेका छन् । जलवायु अभियन्ता राज थापाले नेपालजस्तो जलवायु जोखिमयुक्त मुलुकलाई विपद्पछि थप ऋणको भार बोकाउनु 'दोहोरो अन्याय' हुने बताए। विपद्बाट जीवन र जीविका गुमाएका समुदायले पुनःऋण तिर्नुपर्ने अवस्था सिर्जना गर्न नहुने उनको भनाइ छ।

'हिमालय क्षेत्रमा हिउँ तथा हिमनदी पग्लिनेक्रम तीव्र हुँदै गएको, जसका कारण हिमताल विस्फोटजन्य बाढी (जिएलओएफ), पहिरो तथा आकस्मिक बाढीको जोखिम बढिरहेको छ,' थापाले भने, 'जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिमलाई ध्यानमा राखेर हिमालय–विशिष्ट पूर्वसूचना प्रणाली तथा हिमनदी अनुगमन प्रणालीमा तत्काल लगानी गर्न पनि माग गरिएको छ । हालको मनसुनकेन्द्रित पूर्वसूचना संरचना उच्च हिमाली क्षेत्रमा हुने यस्ता विपद्का लागि पर्याप्त छैन।'

संयुक्त वक्तव्यमा क्षति तथा हानि कोषलाई पूर्ण रूपमा र शीघ्र सञ्चालन गरी नेपालजस्ता जोखिमयुक्त मुलुकले प्रतिबद्धता र वास्तविक वित्तीय सहयोगबीच वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उल्लेख छ । जलवायु अभियन्ता गीता पाण्डेले हिमाली नदी बेसिनका लागि सीमापार पूर्वसूचना प्रणाली र जलवैज्ञानिक तथ्याङ्क आदानप्रदानलाई संस्थागत गर्नुपर्नेमा जोड दिइन् । 'एउटै नदी प्रणालीमा निर्भर मुलुकबीच समयमै सूचना आदानप्रदान हुन नसक्दा विपद्को जोखिम अझ बढ्नसक्ने भन्दै यसका लागि क्षेत्रीय संयन्त्र निर्माण गर्न आवश्यक छ,' उनले भने।

जलविज्ञान तथा जलस्रोत अनुसन्धानअन्तर्गत बाढी पूर्वानुमान माहाशाखाका बाढीविद् विनोद पराजुलीले हिमाली क्षेत्रमा हिमताल विष्फोटको जोखिम रहेको भन्दै पूर्वसूचना प्रणालीमा लगानी बढाउन आवश्यक रहेकामा जोड दिए। उनले भने, 'भोटेकोशी बाढीको जस्तै अन्य हिमाली क्षेत्रमा पनि जलवायुजन्य असरका कारण ठूलो क्षति हुन सक्छ ।' तसर्थ पूर्वसूचना प्रणालीको विकास र विस्तार तथा जोखिम न्यूनीकरणलाई प्राथमिकता दिनुपर्नेमा उनको जोड छ।

वैज्ञानिकहरूले पनि रसुवा भोटेकोशीको बाढीपश्चात् हिन्दूकुश हिमालय क्षेत्रमा जलवायु परिवर्तनका कारण हिमनदी, हिउँको अवस्था, पर्माफ्रस्ट (स्थायी रूपमा जमेको भू–सतह) तथा हिमाली भिरालो भूभागमा परिवर्तन भइरहेको भए पनि यस विशेष घटनामा जलवायु परिवर्तनको भूमिका के थियो भन्ने निर्धारण गर्न भने सकेका छैनन्।

०००० 

# उद्धार तथा राहतमा भारत–चीनसहित अन्तरराष्ट्रिय समुदायको सहयोग

**भीष्मराज ओझा/रासस**

भोटेकोशी बाढी प्रभावित क्षेत्रमा जारी उद्धार तथा राहत कार्यमा नेपाललाई छिमेकी भारत र चीनसहित अन्तरराष्ट्रिय समुदायले सहयोग गरिरहेका छन्।

बाढीबाट जनधनको ठूलो क्षति भएपछि प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका लागि भारत र चीनले सुरुआती दिनदेखि नै राहत सामग्री, सुरुङ उद्धार टोली तथा प्राविधिक जनशक्ति उपलब्ध गराएका छन् भने विभिन्न अन्तरराष्ट्रिय संस्थाले आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता जनाएका छन्।

बाढीबाट तल्लो तटीय क्षेत्रमा रहेका आवासीय क्षेत्र, सडक, पुल तथा अन्य पूर्वाधारमा व्यापक क्षति पुगेको छ। प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहित राज्यका विभिन्न निकाय उद्धार तथा राहत कार्यमा परिचालित छन्।

भारतबाट ११ टन राहत सामग्री बोकेको चौथो चरणको उडान आइतबार बिहान काठमाडौँमा अवतरण गरेको छ । राहत सामग्रीमा खोज तथा उद्धारका लागि आवश्यक उपकरणसहितको सुरुङ उद्धार प्राविधिक टोली, डीएनए विश्लेषणका लागि फरेन्सिक विज्ञहरूको टोली तथा कम्बल, स्लीपिङ ब्याग, त्रिपाल, प्लास्टिक सिट र सरसफाइ किटलगायत सामग्री समावेश रहेको यहाँस्थित भारतीय दूतावासले जनाएको छ।

स्थलगत निरीक्षण टोलीको मूल्याङ्कनका आधारमा विशेष उपकरणसहित १३ सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार टोली नेपाल आएको हो । उक्त टोलीले नेपाली विपद् प्रतिकार्य टोलीले सञ्चालन गरिरहेको खोज तथा उद्धार कार्यमा सहयोग गर्नेछ । मृतकका अवशेषको पहिचानका लागि डीएनए नमुना विश्लेषणमा सहयोग गर्न छ वटा फरेन्सिक टोलीका १९ सदस्यीय समूह पनि नेपाल आएको दूतावासले जनाएको छ।

यसअघि भारतले शनिबारसम्म भारतीय वायुसेनाका विमानमार्फत नेपालमा करिब ५७ दशमलव ५ टन राहत सामग्री ढुवानी गरिसकेको छ । बाढी आएको बुधबार नै भारतीय वायुसेनाको विमानले अस्थायी आश्रयस्थल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती तथा औषधिलगायत १० टन आकस्मिक राहत सामग्री नेपाल ल्याएको थियो।

त्यसको भोलिपल्ट बिहीबार भारत सरकारले पाल, कम्बल, सरसफाइ किट, सौर्य बत्ती, पानी निकाल्ने पम्प, भान्साका सामग्री, जेनेरेटर सेट, औषधि तथा खाद्य सामग्रीसहित ३७ दशमलव ५ टन राहत सामग्री पठाएको थियो।

त्यसपछि भारतले शुक्रबार पाँच सदस्यीय भारतीय सेनाको सुरुङ उद्धार प्रारम्भिक निरीक्षण टोली र छ सदस्यीय चिकित्सा टोली पठाउनुका साथै पोर्टेबल जेनेरेटर सेट, डिग्निटी किट, खाद्य सामग्री, पानी शुद्धीकरणका ट्याब्लेट तथा औषधिसहित थप १० टन सामग्री पठाएको थियो।

आइतबार बिहान चीनको जनमुक्ति सेना वायुसेनाका दुई वटा ढुवानी विमान चीनद्वारा प्रदान गरिएको आपत्कालीन राहत सामग्री लिएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आइपुगेका छन् । चार जना चिनियाँ सुरुङ उद्धार विशेषज्ञ उद्धार उपकरणसहित विमानमा आएका छन्।

दुवै ढुवानी विमानले चीनको छेन्दु शुआङ्लिउ अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेका थिए । करिब तीन घण्टाको उडानपछि काठमाडौँ आइपुगेका ती विमानले पाल, कम्बल, स्लीपिङ ब्याग, हार्डट्र्याक तथा प्राथमिक उपचार किटलगायत १३ हजार दुई सय थान आपत्कालीन राहत सामग्रीसहित ५० टन सामग्री ल्याएका छन्।

भारत र चीनका सुरुङ उद्धार टोली भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सुरुङमा फसेका व्यक्तिको उद्धारमा खटिएका छन् । प्रभावित क्षेत्रका कतिपय जलविद्युत् आयोजनाका सुरुङमा अझै कैयौँ व्यक्ति फसेका र नेपाली सुरक्षाकर्मीले उद्धार जारी राखेका बेला दुवै छिमेकी मुलुकका सुरुङ उद्धार टोली शनिबार नेपाल आइपुगेका थिए।

पछिल्लो जानकारीअनुसार प्रभावित क्षेत्रबाट शनिबार साँझसम्म सात हजार ५१४ जनालाई हवाई तथा स्थलमार्गबाट उद्धार गरी सुरक्षित स्थानमा पु¥याइएको छ । जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फसेका २७९ जनाको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धार प्रयास जारी राखेको जनाएको छ । उद्धार कार्यमा भारतीय तथा चिनियाँ विज्ञ नेपाली सेनासँगको समन्वयमा खटिएका छन्।

प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ सुरक्षाकर्मी परिचालित छन्।

यसैगरी, प्रभावितको व्यवस्थापन तथा पुनःस्थापनाका लागि अन्तरराष्ट्रिय समुदायबाट पनि आर्थिक तथा प्राविधिक सहयोगको प्रतिबद्धता आएको छ । एशियाली विकास बैंक (एडीबी)बाट बजेटरी सहयोग (अनुदान) स्वरूप पाँच मिलियन अमेरिकी डलर, विश्व बैंकबाट १६७ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण कर्जा, अमेरिकी सरकारबाट पाँच लाख अमेरिकी डलर र अष्ट्रेलिया सरकारबाट एक मिलियन अमेरिकी डलर नगद सहयोग उपलब्ध गराउने प्रतिबद्धता आएको छ। एडीबीले प्राविधिक सहायताका लागि एक लाख ५० हजार अमेरिकी डलर उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ।

हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासी पूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन्। फेला परेका शवलाई 'एयरटाइट ब्याग'मा राखेर व्यवस्थापन गर्ने भइरहेको छ।

'पहिचान नभएका तथा शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम शव व्यवस्थापन गरिँदैछ । पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवको डीएनएलगायत पहिचानमा सहयोग गर्ने आधार सुरक्षित राखी सरकारले व्यवस्थापन गर्न लागेको हो। परिवारले पहिचान गरेका शव भने सम्बन्धित परिवारलाई जिम्मा लगाउने काम भइरहेको छ।

# बाढीप्रभावितलाई 'होल्डिङ सेन्टर'मै राहत सामग्री

**कुम्भराज राई र रामहरि न्यौपाने/रासस**

जिल्ला विपद् व्यवस्थापन समितिले भोटेकोशी बाढीबाट प्रभावितलाई होल्डिङ सेन्टरमै राहत सामग्री वितरण गरेको छ । समितिमा प्राप्त राहत सामग्री एकीकृत रुपमा सङ्कलन गरी आवश्यकताका आधारमा वितरण गरिएको हो।

नुवाकोटमा १३ वटा होल्डिङ सेन्टर स्थापना छन्। ती होल्डिङ सेन्टरहरू विदुर नगरपालिकामा नौ वटा, किस्पाङ गाउँपालिकामा दुई वटा, सूर्यगढी गाउँपालिका र बेलकोटगढी नपामा एक–एक वटा छन् । 'बाढीप्रभावितलाई दाता तथा इच्छुकले दिन चाहेका राहत सामग्री एकद्वार प्रणालीअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिमार्फत सङ्कलन गरिरहेका छौँ,' समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले भने, 'त्यसैअनुसार आवश्यकताका आधारमा ती सामग्री हामीले होल्डिङ सेन्टरमा पठाइरहेका छौँ ।' सङ्कलित सामग्री गाडी नपुग्ने स्थानमा हेलिकप्टरमार्फत पठाइएको उनले जानकारी दिए।

बाढीपीडितलाई होल्डिङ सेन्टर सञ्चालन गरी खाना तथा बासको व्यवस्था मिलाउने कार्यमा स्थानीय तहले सहजीकरण गरिरहेको छ । 'प्रत्येक होल्डिङ सेन्टरमा हामीले स्वास्थ्य जाँच र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाएका छौँ,' विदुर नगरपालिका प्रमुख राजन श्रेष्ठले भने, 'बाढीबाट पुगेको जनधन क्षतिका विवरण सङ्कलनसँगै प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरेर काम गरिरहेका छौँ।'

राहत सामग्री सङ्कलन तथा वितरणलाई एकद्वार प्रणाली बनाउने भनिए पनि केही दाता तथा व्यक्तिले सहज पहुँच भएका होल्डिङ सेन्टरमा पुगेर आफैँ राहत सामग्री उपलब्ध गराएका छन् । जसका कारण समानुपातिक रुपमा सबै होल्डिङ सेन्टरमा राहत सामग्री पुग्न सकेको छैन । दाताहरू सिधै होल्डिङ सेन्टरमा आएर राहत सामग्री दिन थालेपछि अन्य स्थानमा पनि लैजान अनुरोध गरेको विदुर नगरपालिका–५ का वडाध्यक्ष लीलानाथ न्यौपानेले बताए । 'यहाँ तत्कालका लागि पर्याप्त राहत सामग्री उपलब्ध भइसकेको छ,' उनले भने, 'यहाँ मात्र नभई अन्यत्र पनि राहत सामग्री लैजान हामीले अनुरोध गरेका छौँ।'

राहत सामग्रीमा धेरैजसो चामल, दाल, चाउचाउ, बिस्कुटजस्ता खाद्य सामग्री प्राप्त भइरहेको छ । खाद्य सामग्रीको तुलनामा लत्ताकपडा कम प्राप्त भइरहेको विपद् व्यवस्थापन समितिले जनाएको छ । नुवाकोटको सबैभन्दा बाढीप्रभावित बस्तीहरूमा विदुर नगरपालिकाको बेत्रावती, त्रिशूली, ढुङ्गे, सिमचौर, देवीघाट छन् । त्यसैगरी किस्पाङ गाउँपालिकाको शान्तिबजार, नयाँ पुल, मैलुङ क्षेत्रका बस्ती प्रभावित हुँदा अधिकांशले होल्डिङ सेन्टरमा आश्रय लिइरहेका छन् । बेलकोटगढी नगरपालिकाको सबैभन्दा बढी प्रभावित बस्तीमा ठूलो खोला, बुधसिहघाट, रातमाटे, कोलचौर, केउरेनी, कोल्पुटार छन्। सूर्यगढी गाउँपालिकाको कार्यालयमा सञ्चालन गरिएको होल्डिङ सेन्टरमा भने रसुवा र नुवाकोटका विभिन्न स्थानबाट बाढीबाट ज्यान जोगाइ सुरक्षित स्थान खोजी गर्दै आइपुग्नेलाई आश्रय दिइएको छ ।

### नदी पारिका क्षेत्रमा राहत वितरणमा कठिनाइ

सदरमुकाम विदुरतर्फका क्षेत्रमा राहत सामग्री वितरण सहज भए पनि नदी पारिका क्षेत्रमा वितरणमा कठिनाइ भएको छ । केही संस्थाले 'ड्रोन'मार्फत राहत सामग्री होल्डिङ सेन्टरसम्म पु¥याउने काम गरिरहेको छ । बाढीबाट प्रभावित नदी पारीका बस्तीहरू विदुर नगरपालिकाको वडा नं १, ३, ६, ७, ९ र १२ मा पर्छन् । वडा नं १ को त्रिशूली बजार, ३ को खड्गभञ्ज्याङका विभिन्न बस्ती, ६ को चैनपुर आसपास, ७ को तुप्चेका बस्तीहरू, ९ को सिलट्याङ्कीक्षेत्र र १२ को चारघरेका विभिन्न स्थान छन्।

सदरमुकामदेखि त्रिशूली नदी पारी सात वटा होल्डिङ सेन्टर स्थापना गरिएका छन् । तर तादी र कोल्पुखोलाको पुल बगाएसँगै बेलकोटगढी–७ महादेव माध्यमिक विद्यालयमा सञ्चालित होल्डिङ सेन्टरसम्म राहत सामग्री पु¥याउन पनि हेलिकप्टर नै प्रयोग गर्नुपर्ने अवस्था छ।

शनिबार जिल्ला समन्वय समितिद्वारा आयोजित सर्वपक्षीय छलफलमा स्थानीयले सङ्घीय सरकारलाई नदी पारीका क्षेत्रमा राहत सामग्री वितरणलाई प्राथमिकता दिन आग्रह गरेका थिए। यी क्षेत्रमा वारिका पारि र पारिका वारि विद्यालय भएका बालबालिका विद्यालय जाने क्रममा बाढी आएसँगै पुल बगाएपछि चारदिनदेखि घरपरिवारसँग पुनर्मिलन हुन नसक्दा समस्या भएको अभिभावकले गुनासो गरेका छन्।

बाढीप्रभावितलाई केन्द्रित गरी होल्डिङ सेन्टरमा स्वास्थ्य सेवासमेत उपलब्ध गराइएको छ। हाल त्रिशूली अस्पतालसँग यातायात सुविधा विच्छेद भएको अवस्थामा पीडितहरूको शारीरिक तथा मानसिक दुवै अवस्थालाई ख्याल गरी स्वास्थ्य सेवा उपलब्ध गराइएको हो।

नुवाकोटमा हालसम्म मृत्यु तथा बेपत्ताको यकिन तथ्याङ्क सङ्कलन भइसकेको छैन । जिल्लाका सरोकार भएकाहरूसँग शनिबार पहिचान नभएका शव व्यवस्थापनसम्बन्धी बैठक बसेको थियो। सो बैठकमा प्रजिअ रेग्मीले करिब तीन सय हाराहारीमा शव व्यवस्थापनको आवश्यक पर्न सक्ने बताएका थिए । जिल्लामा शनिबारसम्म ८२१ जना बाढीमा परी बेपत्ता भएको निवेदन प्राप्त भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख बिपीन रेग्मीले जानकारी दिए।

यसैबीच, आइतबार बिहान पनि पुनः त्रिशूलीमा जल सतह बढेकाले नदी किनारमा रहेका शव व्यवस्थापनमा चुनौती भएको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।



**बाढीमा बेपत्ता भएकाका आफन्त शिक्षण अस्पतालमा पर्खाइमाः** भोटेकोशी नदीमा आएको बाढीपछि बेपत्ता भएकाको पहिचान तथा खोजीका लागि काठमाडौँस्थित शिक्षण अस्पताल पुगेका आफन्तजन । बेपत्ता परिवारका सदस्यहरू आफ्ना मानिसको खोजी, उद्धार र पहिचानको आशामा अस्पताल परिसरमा पर्खिरहेका छन् । तस्बिरः रासस

# रुङ्गटा ग्रुपद्वारा २ करोड १ लाख सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका वरिष्ठ उद्योगपति, समाजसेवी तथा रुङ्गटा ग्रुपका अध्यक्ष मुरलीधर रुङ्गटाले बाढी तथा पहिरो प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ करोड १ लाख रुपैयाँ सहयोग गरेका छन्।

रुङ्गटा ग्रुपअन्तर्गत सञ्चालित विभिन्न उद्योग तथा प्रतिष्ठानबाट सामाजिक उत्तरदायित्वअन्तर्गत रकम सहयोग गरिएको हो। चेक कोषलाई हस्तान्तरण गर्दै रुङ्गटा ग्रुपका सञ्चालक सुरेशकुमार रुङ्टाले आगामी दिनमा पनि आवश्यकता र परिस्थितिअनुसार विपद् तथा सामाजिक सेवाका क्षेत्रमा सहयोग र सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन्।

यसैगरी व्यावसायिक घराना ज्योति समूहले बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि एक करोड रुपैयाँ सहयोग गरेको छ । समूहका अध्यक्ष पद्म ज्योतिले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई एक करोड रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । बाढीपीडितको राहत तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग रकम जम्मा हुने क्रम जारी रहेको छ।

यस्तै बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा पुनस्र्थापनाका लागि पर्साको जगरनाथपुर गाउँपालिकाले १५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने भएको छ। गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवको अध्यक्षतामा आइतबार बसेको गाउँ कार्यपालिकाको बैठकले १५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो । अध्यक्ष यादवका अनुसार, गाउँपालिको विपद् व्यवस्थापन कोषबाट ५ लाख ५१ हजार तथा गाउँपालिकका जनप्रतिनिधिहरुको एक महिनाको तलबभत्ता सुविधा बराबरको रकम र गाउँपालिकामा कार्यरत कर्मचारीहरुबाट नेपाल सरकारले तोके बमोजिमको रकम गरी कूल १५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरिएको हो। आइतबार बोर्ड बैठकबाट निर्णय गरिएको रकम संकलन गरेर दुई तीन दिनभित्रै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवले जानकारी दिए।

यसैबीच पर्साको ठोरी गाउँपालिकामा सक्रिय ठोरी युवा समाज तथा स्थानीय युवा अभियन्ताहरूले स्थानीयस्तरमा राहत संकलत गरि आइतवार प्रभावित क्षेत्र तर्फ प्रस्थान गरेका छन् । ६ चक्के सवारीसाधनमा अट्ने परिमाणमा राहत सामग्री संकलन भएको ठोरी युवा समाजले जनाएको छ। संकलित सामग्रीमा चामल, दाल, चिउरा, भुजा, आलु, सोयाबिन, तरकारीजन्य सामग्री, खाने तेल, ग्याँस तथा लत्ताकपडालगायतका सामग्री रहेका छन् । त्यसैगरी महिला तथा बालबालिकाको आवश्यकतालाई ध्यानमा राख्दै सेनेटरी प्याड, साबुन, सर्फ, स्याम्पु लगायतका सरसफाइ तथा दैनिक उपभोगका सामग्री समेत संकलन गरिएको युवा अभियानता एवम् व्यवसायी धिर सिंहले जानकारी दिए।

यसैगरी बाढी तथा पहिरोबाट प्रभावित परिवारका लागि बागेश्वरधाम मण्डल जनसेवा समिति पर्साले १ हजार थान कपडा सहयोग गरेको छ। बाढी तथा पहिरो प्रभावित क्षेत्रमा राहत वितरण गर्न जान लागेका ठोरी युवा समाजका सदस्य तथा सामाजिक अभियन्ता माधव बस्नेतलाई कपडा हस्तान्तरण गरिएको हो । राहत सामग्री वीरगंजको घण्टाघरमा एक कार्यक्रमबीच हस्तान्तरण गरिएको थियो । बागेश्वरधाम मण्डल जनसेवा समिति पर्सा नेपालका अध्यक्ष तथा बागेश्वरधाम शिष्य मण्डल बिहारका सदस्य कन्हैया पटेलको प्रयासमा उक्त सहयोग जुटाइएको जनाएको छ।

# मैत्रीपुलमा गाँजा बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
रक्सौल–वीरगंज नेपाल–भारत सीमा क्षेत्रअन्तर्गत मैत्रीपुलमा चेकजाँचका क्रममा प्रहरीले एक क्विन्टलभन्दा बढी गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। आज दिउँसो करिब १ बजे सशस्त्र सीमा बल (एसएसबी) र हरैया थाना प्रहरीको संयुक्त टोलीले नेपालबाट भारततर्फ लैँजादै गरेको बीआर २५ पी ६४८१ नम्बरको बोलेरो गाडी जाँच गर्ने क्रममा गाँजा बरामद गरेको हो।

प्रहरीका अनुसार बोलेरोको आधुनिक ढङ्गले निर्माण गरिएको गोप्य तहखानामा १२ वटा ठूला बोरामा प्याक गरेर लुकाइराखिएको अवस्थामा एक क्विन्टलभन्दा बढी गाँजा फेला परेको थियो। गाँजासहित पक्राउ पर्नेमा बाराको सिम्रौनगढका रञ्जन कुमार र मिश्र शाह कानु रहेका छन् । बरामद गाँजा, बोलेरो तथा पक्राउ परेका दुवै जनालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ।

# बाराका २७ जना अझै सम्पर्कविहीन

**मधेशदृष्टि**
**बारा।**
विभिन्न कामको लागि रसुवा पुगेका बारा जिल्लाका २७ जना सर्वसाधारण नागरिक भोटे कोशी बाढी पछि सम्पर्कविहीन भएका छन् । जिल्ला प्रशासन कार्यालय बाराका अनुसार २७ जनाको अवस्थाबारे अहिलेसम्म यकिन जानकारी प्राप्त हुनसकेको छैन।

प्रशासनले सार्वजनिक गरेको विवरणअनुसार सम्पर्कविहीन हुनेमा कलैया उपमहानगरपालिका–१८ मनगढवाका श्रीनिवास महतो धानुक, कलैया–२ दोहरीका सुदिपकुमार मण्डल, परवानीपुर गाउँपालिका–१ का निरजकुमार कुशवाहा, कलैया–२२ धोधाटोलका सत्यप्रकाश राम, आदर्श कोतवाल गाउँपालिका–१ चिउटाहाका अन्कित पटेल, परवानीपुर–५ बहुअरीका नम नारायण सिंह रहेका छन्।

त्यस्तै छतिवडा गाउँपालिका–४ नोडमरका नेपाल प्रहरीका प्रहरी नायब निरीक्षक मदन स्याङबो लामा, प्रसौनी गाउँपालिका–३ का जितेन्द्रकुमार दास, जीतपुरसिमरा–१६ का रजित श्रेष्ठ, करैयामाई गाउँपालिका–२ का धिरज चौधरी, सुवर्ण गाउँपालिका–५ औरवाका रुपेशकुमार साह, सुवर्ण–४ हरहिवाका रमेशकुमार यादव, निजगढ–९ शान्तिटोलका राज बिष्ट र दिनेश परियार तथा निजगढ–८ का उत्तम न्यौपाने पनि सम्पर्कविहीनको सूचीमा छन्।

भोटे कोशी बाढी पछि सम्पर्कविहीन हुने बाराका अन्यमा जीतपुरसिमरा–५ का जीवन चौधरी, कलैया–६ आदर्शटोलका देवेश भट्टराई, सुवर्ण–१ का सुरजकुमार साह, जीतपुरसिमरा–१८ परासटोलका सुबोध पटेल, सुवर्ण–३ का रुपेश गुप्ता, कलैया–१ का विनय सराफ, परवानीपुर–४ का समिम देवान, कलैया–२२ का अरण पासवान, परवानीपुर–५ बहुअरीका सतेन्द्रकुमार राउत, कलैया–२३ बैराटपुरका सुभाषप्रसाद पटेल र कलैया–१२ का सन्दिपप्रसाद मण्डल रहेका छन्।

प्रशासनका अनुसार सम्पर्कविहीन भएकाहरू रसुवाका विभिन्न जलविद्युत् आयोजना, सडक निर्माण तथा यातायातसँग सम्बन्धित काममा संलग्न थिए । उनीहरूमध्ये हाइड्रोपावरका मजदुरदेखि ट्रक तथा कन्टेनर चालक, क्रेन अपरेटर र सहचालकसम्म रहेका जिल्ला प्रशासन कार्यालय बाराले जनाएको छ।

# दुर्घटनामा एकजनाको मृत्यु

**मधेशदृष्टि**
**बारा।**
निजगढ नगरपालिका वडा नं. ९ स्थित बकैया पुल नजिकै पूर्व–पश्चिम राजमार्गमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। प्रहरीका अनुसार भदौ १३ गते राति करिब ९:१० बजेको समयमा सोही दिशातर्फ जाँदै गरेको ना ५ ख ७८०५ नम्बरको ट्रकको पछाडि ना ४८ प ५१११ नम्बरको मोटरसाइकल ठोक्किँदा दुर्घटना भएको थियो । दुर्घटनामा परी जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ११ बस्ने २४ वर्षीय मोटरसाइकल चालक अभिषेक चौधरीको टाउको तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेको थियो।

गम्भीर घाइते भएका चौधरीलाई उपचारका लागि वीरगंजस्थित मेडिसिटी अस्पतालमा भर्ना गरिएकोमा उपचारकै क्रममा आज विहान चिकित्सकले मृत घोषणा गरेका हुन्।

# चार भारतीय नागरिक पक्राउ

**मधेशदृष्टि**
**सर्लाही।**
नेपालबाट ठूलो परिमाणमा मदिरा लिएर बिलबिजक बिना भारत तर्फ जाँदै गरेका ४ जना भारतीय नागरिकलाई कारसहित प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार शनिबार राति बारा जिल्लाबाट सर्लाहीको मलंगवा जाँदै गरेको कार कर्मैया पोस्टमा चेकजाँच गर्दा कारको पछाडिको सिटमुनि र अगाडी फल्स बटन बनाई लुकाइछिपाई बिना बिलबिजक लिएर जाँदै गरेको अवस्थामा १३ लाख ५५ हजार रुपैयाँ मूल्य बराबरको मदिरा फेला परेको हो। मदिरा र कार सहित ४ युवकलाई प्रहरीले पक्राउ गरेको जनाएको छ । उनीहरूको साथबाट रेडलेभल ५० बोटल, रोयल स्टेग २४ बोटल, म्याकडोवल ठुलो ३५ र सानो ३९ बोटल बरामद भएको छ सर्लाही प्रहरी प्रवक्ता डिएसपी बेद प्रसाद गौतमले जानकारी दिएका छन् । पक्राउ पर्नेमा कार चालक भारत सीतामढी जिल्ला, हरनैंया पञ्चायत वडा नम्बर ३ का ३३ वर्षीय दीपक कुमार, बेतिया जिल्ला हतिया पञ्चायत वडा नम्बर ८ निवासी ३६ वर्षीय अल्बु यादव, सोही जिल्ला लौरिया पञ्चायत वडा नम्बर ६ निवासी ३० वर्षीय कृष्णा भगत र सोही स्थान वडा नम्बर ४ बस्ने २० वर्षीय आलोक कुमार रहेका छन्।

# कृष्णभीरमा समस्यापछि वैकल्पिक मार्गबाट सवारीसाधन सञ्चालन

**काठमाडौँ।**
पृथ्वी राजमार्गअन्तर्गत धादिङको कृष्णभीरमा सडक भासिएपछि काठमाडौँबाट बाहिरिने सवारीसाधनका लागि वैकल्पिक सडक प्रयोगमा ल्याइएको छ।

त्रिशूली नदीमा गएको बाढीले सडकको तल्लो भाग कटान गरेपछि आइतबार कृष्णभीरमा करिब २० मिटर लम्बाइको सडकको आधाभन्दा बढी भाग भासिएको हो । उक्त सडक भासिएपछि पृथ्वी राजमार्गमा आइतबार बिहानैदेखि यातायात सञ्चालन प्रभावित भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय रामशाहपथले जनाएको छ।



उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाडौँबाट बाहिरिने सवारीसाधनलाई तत्कालका लागि दुई वटा वैकल्पिक मार्गबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

उनका अनुसार ठूला सवारीसाधन काठमाडौँ
बाइरोड–नौबिसे–पालुङ–भैँसे हुँदै गन्तव्यतर्फ जान सक्नेछन् भने साना सवारीसाधन तथा माइक्रोबसका लागि फर्पिङको बाटो प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको छ।

कान्तिलोकपथमा पहिरो गएर सडक अवरुद्ध भएकाले उक्त सडक पनि तत्काल सञ्चालनमा ल्याउन आवश्यक पहल भइरहेको प्रवक्ता सुवेदीले जानकारी
दिए।

उनले भने, 'कृष्णभीरमा आइतबार बिहान सडक भासिएपछि सवारी सञ्चालनमा अवरोध भएको छ । हामीले वैकल्पिक सडकको प्रयोगका लागि आवश्यक पहल गरेका छौँ । अवरुद्ध कान्तिलोकपथ पनि खुलाउने कार्य भइरहेको छ।'

बाढी तथा पहिरोका कारण विभिन्न स्थानका सडक तथा राजमार्ग अवरुद्ध हुन थालेकाले ट्राफिक प्रहरीले चालक तथा यात्रुलाई सडकको अवस्था बुझेर मात्र यात्रा गर्न आग्रह गरेको
छ । स्थानीय प्रशासन, प्रहरी तथा सम्बन्धित निकायसँग समन्वय गरी सुरक्षित यात्राका लागि आवश्यक जानकारी लिएर मात्रै सडक प्रयोग गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको हो।

यसैबीच, सडक विभागका महानिर्देशक डा विजय जैसीका अनुसार कृष्णभीरमा भासिएको सडकको अवस्थाबारे अध्ययन गर्न काठमाडौँबाट विज्ञ टोली त्यसतर्फ पठाइएको छ । सडकको भौगोलिक अवस्था तथा क्षतिको विस्तृत अध्ययनपछि मर्मत तथा पुनःनिर्माणको प्रक्रिया अघि बढाइने छ। रासस

# नेपाल–चीन सिमानामा टेलिकमको मोबाइल सेवा

**काठमाडौँ।**
नेपाल टेलिकमले बाढी प्रभावित क्षेत्रका थप सात स्थानमा आइतबार सेवा सुचारु गरेको छ। यससँगै बाढी प्रभावित क्षेत्रका अधिकांश मोबाइल बीटीएस साइटहरु पुनः सञ्चालनमा आएका छन्।

आइतबार सञ्चालनमा आएका साइटहरुमा रसुवा जिल्लाअन्तर्गत नेपाल–चीन सिमानामा रहेको रसुवा बोर्डर साइटलगायत अपर सेन्जेन, छापथोके, जिपजिपे र गत्लाङ साइटहरु रहेका नेपाल टेलिकमले जनाएको छ।

त्यसैगरी नुवाकोटको चारघरे तथा चारघरे मुलाबारी बीटीएस साइट पनि पुनः सञ्चालनमा आएका छन् । रसुवा बोर्डर बीटीएस साइटमार्फत नेपाल–चीन नाका, टिमुरे, रसुवा बोर्डर करिडोर र स्याफ्रुबेसीदेखि भोटेकोशी करिडोरसम्म सेवा पुनः सञ्चालनमा आएका प्रवक्ता डा. कमल लामिछानेले जानकारी दिए। अपर सेन्जेन साइटबाट चिलिमे, लामागाउँ, आमाछोडदिमो–५ लगायतका स्थानमा मोबाइल सेवा उपलब्ध हुनेछ । त्यस्तै छापथोके साइटबाट मोबाइल सेवा प्राप्त हुने स्थानहरु बेत्रावती, काउली, त्रिशूली थ्रीबी, उत्तरगया गाउँपालिका र किस्पाङ रहेका उनले बताए। जिपजिपे साइटबाट सेवा प्राप्त हुने स्थानहरु कालिका गाउँपालिकाका वडा नम्बर २ र ५, धारापानी र देउरालीडाँडा रहेका छन् । त्यसैगरी गत्लाङ बीटीएस साइटमार्फत गत्लाङ, गोल्जुङ, चिलिमे, ठुलो भार्खु, शेर्पा गाउँ, ठूलो स्याफ्रु, स्याफ्रुबेसी, खाङजुम र बरिम रहेका छन्।

चारघरे तथा चारघरे मुलाबारी बीटीएस साइटबाट बिदुर नगरपालिकाको वडा नम्बर १२ र १३ मा मोबाइल सेवा सुचारु भएको छ । विपद्को यस अवस्थामा नागरिकको सञ्चार आवश्यकतालाई सहज बनाउन नेपाल टेलिकमका प्राविधिकहरु निरन्तर खटिइरहनु भएको र कम्पनी सदाझै सेवा सुनिश्चितताको लागि प्रतिवद्ध रहेको नेपाल टेलिकमले जनाएको छ।

# पल्सर स्पोर्टस् अवार्ड:
# चार विधाका मनोनयन सार्वजनिक

**काठमाडौँ।**
नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) पल्सर स्पोर्ट्स अवार्ड २०८२ का चार विधामा मनोनयनमा परेका खेलाडी र प्रशिक्षकको नाम सार्वजनिक गरिएको छ।

एनएसजेएफको खेलाडी छनोट समितिले आइतबार वर्ष उत्कृष्ट पुरुष खेलाडी, वर्ष उत्कृष्ट महिला खेलाडी, वर्ष उत्कृष्ट युवा खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षकमा पाँच÷पाँच जनाको नाम सार्वजनिक गरेको हो । वर्ष पुरुष खेलाडीको मनोनयनमा नेपाली पुरुष क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी, बक्सिङका चन्द्र थापा, एथ्लेटिक्सका सोमबहादुर कुमाल, करातेका प्रदीप बैजाली मगर र गल्फका सद्भाव आचार्य रहेका छन्।

यस्तै, वर्ष उत्कृष्ट महिला खेलाडीको मनोनयनमा फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी 'साम्बा', करातेकी एरिका गुरुङ, सबिना श्रेष्ठ र सानुमाया थिङ तथा एथ्लेटिक्सकी सन्तोषी श्रेष्ठ मनोनयनमा परेका छन्।

वर्ष युवा खेलाडीको मनोनयनमा बक्सिङका अर्पिल राना, करातेका रेहान जाबेद र मनिषाकुमारी बोहरा तथा बुद्धिचालका पुरुषोत्तम सिलवाल र क्रिकेटका रौनक श्रीवास्तव परेका छन् । वर्ष प्रशिक्षकतर्फको मनोनयनमा बक्सिङका दीपक महर्जन, करातेका कुशल श्रेष्ठ र मण्डेकाजी श्रेष्ठ, क्रिकेटका स्टुअर्ट ल र नेत्रहीन महिला क्रिकेटका पुरनसिंह खत्री समावेश भएका छन्। तेइसौँ संस्करणको एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड यही भदौ १८ गते यहाँ आयोजना हुदैछ। रासस

# खामेनीद्वारा मुस्लिम देशहरूबीच एकताका लागि आह्वान

**इराना।**
इरानका सर्वोच्च नेता मोज्तबा खामेनीले आइतबार क्षेत्रका मुस्लिम देशहरूलाई अमेरिका र इजरायलविरुद्ध एकजुट हुन आह्वान गरेका छन्। यो आह्वान मध्यपूर्व युद्ध सुरु भएको छ महिनापछि जारी गरिएको लिखित सन्देशमा आएको हो।

इरानी सर्वोच्च नेता खामेनीले फेब्रुअरी २८ मा युद्ध सुरु हुँदा उनका बुबा अली खामेनी मारिएको केही समयपछि सत्ताको बागडोर सम्हालेका हुन्। सर्वोच्च नेताको नियुक्तिपछि उनी सार्वजनिक रूपमा देखिएका छैनन् र अधिकारीहरूले उनको कुनै भिडियो वा अडियो पनि सार्वजनिक गरेका छैनन्।



'इस्लामी राष्ट्रहरूका समस्याहरूको समाधान शब्दको एकता, मित्रता र भलाइको बाटोमा सहकार्य हो,' उनले आइतबार शिया मुस्लिमहरूले पैगम्बर मोहम्मदको जन्मदिन मनाइरहेका बेला भनेका हुन्। 'जानाजानी वा अनजानमै भए पनि कसैले पदमा भएर पनि मुस्लिमहरूबीच विभाजन ल्याउने र मुस्लिम समुदायमा द्वन्द्व सिर्जना गर्ने कुनै काम गर्छ भने उसले इस्लामका शत्रुहरूको उद्देश्य पूरा गर्न सेवा गरेको ठहर्नेछ,' उनले आफ्नो आधिकारिक वेबसाइटमार्फत् सार्वजनिक वक्तव्यमा उल्लेख गरेका छन्।

सर्वोच्च नेता खामेनीले अमेरिका र इजरायलतिर सङ्केत गर्दै मध्यपूर्व क्षेत्रका शासकहरूलाई 'आफ्नो वास्तविक शत्रु चिन्नुहोस्, उसको योजना बुझ्नुहोस् र त्यसको सामना गर्नुहोस्' भने।

युद्धको क्रममा इरानले साउदी अरब, संयुक्त अरब इमिरेट्स, जोर्डन, कुवेत, कतार र बहराइनसहित मध्यपूर्वका अमेरिकी सैन्य आधारहरूलाई निशाना बनाएको थियो। त्यसपछि ती देशहरूसँगको सम्बन्ध बिग्रिएको छ।

महत्वपूर्ण राज्य नीतिमा अन्तिम निर्णय गर्ने अधिकार भएका खामेनीले इरानी अधिकारी र नागरिकहरूलाई पनि मतभेद बिर्सेर इजरायल र अमेरिकाविरुद्ध एकजुट हुन आह्वान गरे।

'फेरि पनि यस सेवकको इरानी जनतालाई सल्लाह छ कि कुनै पनि तरिकाले आफूबीच मतभेद आउन नदिनुहोस्,' उनले शुक्रबारको अर्को वक्तव्यको प्रतिध्वनि गर्दै भने।

'म दृढतापूर्वक घोषणा गर्छु, सामाजिक एकतामाथि हानिकारक कुनै पनि काम निषेधित छ,' उनले शुक्रबारको सन्देशमा भनेका थिए।

शुक्रबार उनले इरानी अर्थतन्त्रलाई क्रमशः डलरमुक्त बनाउन र अमेरिकी नौसैनिक नाकाबन्दीका महिना र वर्षौँदेखिको कठोर प्रतिबन्धले जनजीवनमा पारेको असरपछि आर्थिक उत्पादन बढाएर वृद्धिमा सहयोग गर्न पनि आह्वान गर्नुभएको थियो।
एएफपी

# मधेशका १६२ जना अझै सम्पर्कविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका १९२ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएकोमा हालसम्म ३० जना परिवारको सम्पर्कमा आएका छन्। अझै १६२ जनाको अवस्था अज्ञात रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं एसएसपी प्रभु प्रसाद ढकालका अनुसार आफन्तले खोजतलासका लागि दिएको निवेदनका आधारमा सम्पर्कविहीन व्यक्तिहरूको विवरण संकलन गरिएको हो।

प्रहरीका अनुसार सप्तरीबाट ४९ जना सम्पर्कविहीन भएकोमा एक जना सम्पर्कमा फर्किएका छन् । जिल्लाका अझै ४८ जनाको अवस्था पत्ता लाग्न सकेको छैन।

सिरहाका १० जनामध्ये दुई जना परिवारको सम्पर्कमा आएका छन् भने आठ जना अझै बेपत्ता छन् । धनुषाबाट सम्पर्कविहीन भएका १३ जनामध्ये सात जना भेटिएका वा परिवारको सम्पर्कमा आएका छन् भने छ जनाको अवस्था अज्ञात छ।

महोत्तरीका १७ जनामध्ये सात जना सम्पर्कमा आएपछि १० जनाको खोजी जारी रहेको प्रहरीले जनाएको छ । त्यसैगरी, सर्लाहीका १९ जनामध्ये तीन जना सम्पर्कमा आए पनि १६ जना अझै सम्पर्कविहीन छन्।

रौतहटका १९ जनामध्ये तीन जना परिवारको सम्पर्कमा आएका छन् भने १६ जनाको अवस्था थाहा हुन सकेको छैन । बाराबाट सम्पर्कविहीन भएका २५ जनामध्ये दुई जना सम्पर्कमा आएका छन् भने २३ जनाको खोजी भइरहेको छ।

पर्साबाट बेपत्ता भएका ४० जनामध्ये दुई जना परिवारको सम्पर्कमा आए पनि ३८ जना अझै सम्पर्कविहीन रहेको विवरण छ।

बाढीपछि सम्पर्कविहीन हुनेमा सुरक्षाकर्मीसमेत रहेका छन्। नेपाल प्रहरीमा कार्यरत मधेशका नौ जनामध्ये छ जना सम्पर्कमा आइसकेका छन् भने तीन जना अझै बेपत्ता छन्। त्यस्तै, नेपाली सेनामा कार्यरत तीन जनामध्ये एक जना सम्पर्कमा आए पनि दुई जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार सम्पर्कविहीनमध्ये अधिकांश जलविद्युत् आयोजनामा कार्यरत थिए । बाढीका कारण उनीहरू आयोजना क्षेत्रका सुरुङ तथा अन्य संरचनामा फसेको हुनसक्ने आशंका परिवारजनले गरेका छन्।

रसुवा, धादिङ र नुवाकोटलगायत क्षेत्रमा रोजगारी, व्यापार तथा व्यवसायका लागि पुगेका मधेशका नागरिक बाढीपछि सम्पर्कमा नआएपछि उनीहरूका परिवार चिन्तामा छन्।

भदौ १० गते रसुवाको भोटेकोशीमा आएको बाढीपछि हराएका तथा सम्पर्कविहीन व्यक्तिको खोजीका लागि आफन्तले सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए।

प्रहरीले पनि आफ्ना परिवारका सदस्य हराएको वा लामो समयदेखि सम्पर्कमा नआएको अवस्थामा नजिकको प्रहरी युनिट, इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा आवश्यक विवरणसहित जानकारी गराउन आग्रह गरेको छ।

मधेश प्रदेश प्रहरी कार्यालयले सम्पर्कविहीन व्यक्तिहरूको खोजी तथा अवस्थाबारे जानकारी लिन रसुवा, धादिङ, नुवाकोटलगायत बाढी प्रभावित जिल्लाका सुरक्षा निकायसँग निरन्तर समन्वय भइरहेको जनाएको छ।

बाढीमा परेका व्यक्तिहरूको यथार्थ अवस्था चाँडो पत्ता लगाई खोजी तथा पहिचानको काम थप प्रभावकारी बनाउन परिवारजनले सम्बन्धित निकायसँग माग गरेका छन्।

## जनकपुरधामका सामुदायिक विद्यालयमा
# विषयगत शिक्षक अभाव

**मधेशदृष्टि**
**जनकपुरधाम।**
शैक्षिक सत्र सुरु भएको लामो समय बितिसक्दा पनि जनकपुरधाम उपमहानगरपालिकाअन्तर्गतका केही सामुदायिक विद्यालयमा विषयगत शिक्षकको अभाव हुँदा विद्यार्थीको पठनपाठन प्रभावित भएको छ।

जनकपुरधामस्थित सकल भवन कन्या माध्यमिक विद्यालयमा वैशाखदेखि नै माध्यमिक तहको विज्ञान विषयको नियमित पठनपाठन हुन नसकेको अभिभावकले बताएका छन्।

विषयगत शिक्षकको अभावका कारण समयमै पाठ्यक्रम पूरा नहुने र परीक्षाको तयारीमा असर पर्ने उनीहरूको चिन्ता छ।

अभिभावकका अनुसार विद्यालयमा विद्यार्थी र कक्षाकोठा पर्याप्त भए पनि आवश्यक विषयका शिक्षक नहुँदा नियमित कक्षा सञ्चालन हुन सकेको छैन । शिक्षक सरुवा तथा पदस्थापन गर्दा विद्यालयको वास्तविक आवश्यकता र विषयगत शिक्षकको अवस्थालाई ध्यान दिनुपर्ने उनीहरूको माग छ।

त्यस्तै, जनकपुरधाम उपमहानगरपालिका–बभनगामा स्थित कण्टिर माध्यमिक विद्यालयमा पनि सामाजिक विषयका शिक्षकको अभाव रहेको स्थानीयले बताएका छन् । शिक्षक नहुँदा उक्त विषयको नियमित पठनपाठन प्रभावित भएको गुनासो छ।

स्थानीयका अनुसार उपमहानगरपालिकाभित्रका अन्य केही सामुदायिक विद्यालयमा समेत यस्तै समस्या रहेको छ। शिक्षकको संख्या पर्याप्त देखिए पनि निश्चित विषय पढाउने शिक्षक नहुँदा विद्यार्थीको पढाइ प्रभावित हुने गरेको उनीहरू बताउँछन्।

अभिभावकले जनकपुरधाम उपमहानगरपालिकाले सबै सामुदायिक विद्यालयमा विषयगत शिक्षकको अवस्थाबारे अध्ययन गरी आवश्यकताअनुसार शिक्षक व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्।

भवन र अन्य भौतिक पूर्वाधारसँगै विद्यार्थीको गुणस्तरीय शिक्षाका लागि दक्ष विषयगत शिक्षक आवश्यक रहेकाले समस्या तत्काल समाधान गर्न सम्बन्धित निकायसँग उनीहरूले आग्रह गरेका छन्।

# बाढीपीडितको सहयोगका लागि राहत समिति गठन




**मधेशदृष्टि**
**जनकपुरधाम।**
देशका विभिन्न क्षेत्रमा आएको दैवी प्रकोप तथा विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार र सहयोगलाई व्यवस्थित बनाउन जनकपुरधाम उद्योग वाणिज्य संघले राहत व्यवस्थापन समिति गठन गरेको छ।

संघको आइतबार बसेको बैठकले राहत सामग्री संकलन, सम्बन्धित निकायसँग समन्वय तथा प्रभावित क्षेत्रमा वितरण कार्यलाई प्रभावकारी बनाउन समिति गठन गर्ने निर्णय गरेको हो।

गठित समितिको संयोजकमा संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठ र सहसंयोजकमा लक्ष्मण साहलाई जिम्मेवारी दिइएको छ।

समितिका सदस्यमा निरज विक्रम साह, रिंकु साह, अभिषेक चौधरी, निरज साह, रमेश साह, दुर्गेश साह तथा धर्मेन्द्र साह रहेका छन् । समितिको संरक्षकमा संघका अध्यक्ष सुरेन्द्र भण्डारीसहित पूर्वअध्यक्षहरू रहने जनाइएको छ।

संघले समितिमार्फत बाढी तथा अन्य विपद्बाट प्रभावित नागरिकका लागि आवश्यक राहत सामग्री संकलन गरी सम्बन्धित निकायसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा सहयोग पुर्‍याउने जनाएको छ।

संघका अध्यक्ष सुरेन्द्र भण्डारीले विपद्को कठिन घडीमा सबैको साझा प्रयास आवश्यक रहेको उल्लेख गर्दै उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई बाढीपीडितको सहयोगका लागि हातेमालो गर्न आग्रह गरे।

राहत व्यवस्थापन समितिले आगामी दिनमा राहत संकलन अभियान सञ्चालन गरी प्रभावित क्षेत्रको आवश्यकताअनुसार सामग्री उपलब्ध गराउने तयारी गरेको संघले जनाएको छ।

# एमाले प्रदेश बैठकमा बाढीपीडितदेखि सुकुम्बासीसम्मका मुद्दा उठान




**मधेशदृष्टि**
**बर्दिबास।**
नेकपा एमाले मधेश प्रदेश कमिटी सचिवालय बैठकले बाढीपीडितको राहतदेखि किसान, स्वास्थ्य, सुरक्षा, सुकुम्बासी र बर्दिबास मेडिकल कलेजसम्मका विषयमा सरकारलाई कडा दबाब दिएको छ।

भदौ १४ गते बर्दिबासमा प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता तथा प्रदेश इन्चार्ज लिलानाथ श्रेष्ठको प्रमुख आतिथ्यमा बसेको बैठकले भदो २१ गते बर्दिबासमै 'मिसन जागरण अभियान' अभिमुखीकरण कार्यक्रम गर्ने निर्णय गरेको छ।

बैठकले भोटेकोसी बाढीबाट रसुवा, नुवाकोट, धादिङ, तनहुँ, गोरखा र चितवनमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतकप्रति श्रद्धाञ्जली र घाइतेको उपचार तथा पीडितको राहत–पुनस्र्थापनाको माग गरेको छ । प्रदेश कमिटीका तर्फबाट पार्टी केन्द्रमार्फत केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा १ लाख ५० हजार रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत गरिएको छ।

एमालेले किसानले भोगिरहेको मल, बीउ र कीटनाशक औषधिको अभाव तत्काल समाधान गर्न, एलपीजी ग्यास तथा इन्धन र उपभोग्य वस्तुको सहज आपूर्ति गर्न र बढ्दो महँगी नियन्त्रण गर्न सरकारसँग माग गरेको छ।

स्वास्थ्य बीमामा संघीय सरकारले अनुदान कटौती गरेको भन्दै बैठकले असन्तुष्टि जनाउँदै बजेटमा थप व्यवस्था गरी सेवा निरन्तर सञ्चालन गर्न माग गरेको छ । मधेशमा बढ्दो हत्या, हिंसा र बलात्कारका घटनाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नागरिकलाई शान्ति–सुरक्षाको प्रत्याभूति दिन पनि सरकारसँग जोडदार माग गरिएको छ।

नेपालमै उत्पादित विद्युत्मा लगाइएको मूल्य अभिवृद्धि कर तत्काल फिर्ता लिन तथा युवामाझ बढ्दो लागूऔषध दुव्र्यसन नियन्त्रणका लागि विशेष योजना ल्याउन बैठकले सरकारको ध्यानाकर्षण गराएको छ।

त्यसैगरी भूमिहीन तथा सुकुम्बासीका घरबार भत्काएर विस्थापित बनाइएको भन्दै एमालेले उनीहरूको तत्काल बसोबासको व्यवस्था गर्न माग गरेको छ। बैठकले हालसम्म ९ जना भूमिहीन सुकुम्बासीको मृत्यु भएको दाबी गर्दै मधेशका भूमिहीन सुकुम्बासीलाई जग्गाको व्यवस्था गर्न सरकारसँग माग गरेको छ।

बैठकले दर्तालगायत सम्पूर्ण प्रक्रिया पूरा गरी निर्माणको चरणमा पुगेको बर्दिबास मेडिकल कलेजका लागि यस आर्थिक वर्षमा थप स्रोत सुनिश्चित गरी निर्माण प्रक्रिया अगाडि बढाउन नेपाल सरकारसँग जोडदार माग गरेको छ।

बैठकका निर्णयहरूले मधेशका जनजीविका, विकास र सुरक्षाका मुद्दामा सरकारलाई तत्काल प्रभावकारी कदम चाल्न स्पष्ट दबाब दिएका छन्।

# विपद्को बेला उद्धार र राहतमा जुट्नुपर्छः नेपाल




**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले देश विपद्को चपेटामा परेका बेला सरकारको आलोचना गर्नुभन्दा उद्धार, राहत र पुनःस्थापनामा सबै पक्ष एकजुट हुनुपर्ने बताएका छन्।

जनकपुरधाममा आयोजित नेकपाको एकता बैठक तथा प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री नेपालले विपद्को समयमा राजनीतिक आरोप–प्रत्यारोपभन्दा प्रभावित नागरिकको जीवनरक्षा पहिलो प्राथमिकता हुनुपर्ने बताए।

उनले सरकारका कमजोरी देखिएमा आलोचना गर्नुभन्दा आवश्यक सुझाव र सहयोग दिनुपर्ने धारणा राखे। 'विपद्को समयमा सरकारलाई आलोचना गरेर मात्र समस्या समाधान हुँदैन। उद्धार र राहतमा सबैले सहयोग गर्नुपर्छ,' नेपालले भने।

यद्यपि सरकारलाई आवश्यक सुझाव दिनबाट भने पछि नहट्ने उनले स्पष्ट पारे । तत्कालको उद्धार तथा राहतसँगै भविष्यमा यस्ता विपद्बाट हुने क्षति न्यूनीकरणका लागि सरकारले अहिलेबाटै दीर्घकालीन तयारी थाल्नुपर्नेमा नेपालले जोड दिए।

उनका अनुसार विपद् आएपछि मात्र सक्रिय हुने प्रवृत्तिको अन्त्य गर्दै पूर्वतयारी, जोखिम न्यूनीकरण, उद्धार क्षमता विस्तार र प्रभावकारी राहत व्यवस्थापनमा राज्यले ध्यान दिन आवश्यक छ।

कार्यक्रममा नेपालले कम्युनिष्ट शक्तिहरूबीच एकता र सहकार्यको आवश्यकता समेत औंल्याए । कम्युनिष्ट आन्दोलनलाई बलियो बनाउन कार्यकर्ताहरू जनतासँग प्रत्यक्ष जोडिनुपर्ने उनको भनाइ थियो।

उनले कम्युनिष्ट अभियानमा आबद्ध कार्यकर्तालाई जनताको घरघरमा पुगेर उनीहरूका समस्या, अपेक्षा र आवश्यकताबारे जानकारी लिन निर्देशन दिए । जनतासँगको सम्बन्ध कमजोर हुँदै गएमा राजनीतिक संगठनसमेत कमजोर हुने उनले बताए।

नेपालले लोकतन्त्रमा जनता पानी र कार्यकर्ता माछाजस्तै भएको उदाहरण दिँदै जनताबिनाको राजनीतिक संगठनको अस्तित्व बलियो हुन नसक्ने धारणा राखे। जनतासँग निरन्तर संवाद र सम्बन्ध कायम राख्दै उनीहरूको सुख–दुःखमा साथ दिन सके मात्र कम्युनिष्ट आन्दोलनप्रति जनविश्वास बढ्ने उनको भनाइ थियो।

उनले कम्युनिष्ट पार्टी तथा कार्यकर्ताले आ–आफ्ना संगठनात्मक सीमाभन्दा माथि उठेर जनताका वास्तविक समस्या समाधानमा केन्द्रित हुनुपर्ने बताए। देशमा देखिएका संकट र चुनौतीको सामना गर्न राजनीतिक दलहरूबीच सहकार्य र जनतासँगको बलियो सम्बन्ध आवश्यक रहेको नेपालले उल्लेख गरे।

# '२०८४ को निर्वाचनमा महिला पहिला'बारे छलफल

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजबाट प्रकाशित मध्यनेपाल मिडियाले आफ्नो ११औँ वार्षिकोत्सवका अवसरमा '२०८४ को निर्वाचनमा महिला पहिला' विषयक प्यानल छलफल गरेको छ। वीरगंजस्थित क्लासिक ब्याङ्क्वेटमा आयोजित कार्यक्रम पर्सा क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य (सांसद) हरि पन्तले उद्घाटन गरेका थिए । पन्तले सञ्चारमाध्यम लोकतन्त्रको महत्वपूर्ण आधार भएको बताउँदै नागरिकका समस्या, गुनासा र आवाज सम्बन्धित निकायसम्म पु¥याउन सञ्चारक्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताए। उनले पत्रकारिताले सत्य, तथ्य र निष्पक्षतालाई केन्द्रमा राखेर अघि बढ्नुपर्नेमा जोड दिए । सांसद पन्तले मिडियामाथि अंकुश लगाएर विश्वका कुनै पनि सरकार सफल हुन नसक्ने भन्दै सरकारको प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने मनसाय नरहेको दाबी गरे।

निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन केही समय रोक्नुको उद्देश्य पत्रकारितामा देखिएका विकृति नियन्त्रण गर्नु रहेको उनको भनाइ थियो। प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्ने सरकारको कुनै नीति नरहेको उनले दाबी गरे । मुलुक अहिले संकटको अवस्थामा रहेकाले सबैले आ–आफ्नो ठाउँबाट बाढी प्रभावित नागरिकको उद्धार तथा राहतमा सहयोग गर्न पनि उनले आग्रह गरे।

नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछानेले वर्तमान सरकारको मन्त्रिमण्डलमा अधिकांश युवा सहभागी हुनु सकारात्मक भए पनि सरकारको नियत भने ठीक नरहेको आरोप लगाए। बालेन्द्र साह नेतृत्वमा सरकार गठन भएलगत्तै मिडिया तथा प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप सुरु भएको उनको आरोप थियो। लामिछानेले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन रोक्नेदेखि लामो समयदेखि पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गरेबापत पाउँदै आएको रकमसमेत घटाएर सरकारले मिडिया तथा प्रेसमाथिको हस्तक्षेपलाई निरन्तरता दिएको आरोप लगाए।

पत्रिकाकी सम्पादक कविता खड्काले सहजीकरण गरेको '८४ मा महिला पहिला' विषयक प्यानल छलफलमा पटेर्वा सुगौली गाउँपालिकाकी उपाध्यक्ष ममता महतो, जनमत पार्टीकी केन्द्रीय सदस्य रम्भा मिश्रा, सामाजिक अभियन्ता बबिता जयसवाल र उपप्राध्यापक उमा मिश्रा सहभागी थिए।

छलफलमा आगामी निर्वाचनमा महिलाको राजनीतिक सहभागिता, प्रतिनिधित्व र नेतृत्वका विषयमा विचार–विमर्श गरिएको थियो । पत्रिकाले हरेक वर्ष प्रदान गर्दै आएको 'मधेश प्रदेशका उत्कृष्ट महिला पत्रकार सम्मान' यस वर्ष सर्लाहीकी पत्रकार मिडिया काउन्सिल मधेश प्रदेशकी कार्यबाहक अध्यक्ष बन्दना झालाई प्रदान गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि सांसद पन्तले पत्रकार झालाई सम्मानपत्र तथा १५ हजार रुपैयाँ नगदसहित सम्मान गरेका थिए । त्यसैगरी मध्यनेपालकी निलम पन्त, रन्जित यादव र कपिल थापालाई नगद ११ हजार एक सय राशीसहित सम्मान गरिएको थियो । पत्रिकाकी सम्पादक खड्काको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, मधेश प्रदेशकी उपाध्यक्ष ज्योती झा, सचिव दीपक गौतम, पर्सा अध्यक्ष ओमप्रकाश खनाल, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, संघका पूर्वअध्यक्ष सुबोध गुप्ता, अधिवक्ता कमलमोहन पोखरेललगायतको उपस्थिति थियो । कार्यक्रममा मध्य नेपालकी गीता भण्डारीले स्वागत मन्तव्य व्यक्त गरेकी थिइन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन